# सांग्रिला डेभलपमेन्ट बैंक लि.
## Shangri-la Development Bank Ltd

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

Head Office: Baluwatar, Kathmandu Ph: 01-4421861/62

## Interest Rates (Per Annum)

Effective from Magh 01, 2077 (January 14, 2021)

| DEPOSIT | | | | LOAN (Base Rate+ Premium Rate) | |
|---|---|---|---|---|---|
| Product Type | Min Bal. | Interest Rate | Posting Frequency | *Individual Loan* | *Premium Rate* |
| Margin, Loan Operating, Current A/c | 0 to 5,000 | - | NA | Personal OD | Upto 5.5% |
| CALL DEPOSITS | | | | Easy Term | Upto 5% |
| Co-Ops Call Account | 1,000.00 | Upto 1.75% | Quarterly | Home Loan | Upto 4.5% |
| BFI Call Account | 5,000.00 | Upto 1.75% | Quarterly | Hire Purchase Loan | Upto 5% |
| Corporate Call A/C | 100.00 | Upto 1.75% | Quarterly | Share/Security Loan | Upto 4.5% |
| Call Account Others | 100.00 | Upto 1.75% | Quarterly | Guarantee Loan | Upto 5.5% |
| Special Call A/c | 5,000.00 | 1% | Quarterly | Gold And Silver Loan | Upto 4.5% |
| *SAVING DEPOSIT* | | | | Foreign Employment | Upto 5% |
| Staff Saving Account | - | 5.5% | Quarterly | Education Loan | Upto 5% |
| Normal Saving Account | 100.00 | 3.5% | Quarterly | Auto Loan - Private | Upto 4.5% |
| Bal Bhabishya Bachat | 100.00 | 5.0% | Quarterly | Consortium Loan | As per agreement |
| Pewa Bachat | 200.00 | 3.5% | Quarterly | Loan Against FDR | Upto Coupon Rate + 3% |
| Jestha Nagarik Bachat | 500.00 | 5.0% | Monthly | *CORPORATE LOAN* | |
| Gurkha Saving | 500.00 | 3.5% | Quarterly | Business OD | Upto 4.5% |
| Salary Saving | 500.00 | 3.5% | Quarterly | Term Loan | Upto 4% |
| Shareholder Saving | 100.00 | 5.0% | Quarterly | Vehicle Loan | Upto 4% |
| Super Saving | 1,000.00 | 4.5% | Quarterly | SME Loan - OD | Upto 4.5% |
| Bidhharthi Bachat | 100.00 | 3.5% | Quarterly | SME Loan - Term | Upto 4% |
| Remittance Saving | 100.00 | 3.5% | Quarterly | Demand Loan | Upto 4.5% |
| **Group Saving-MF** | - | 3.5% | Quarterly | Agriculture Loan - OD | Upto 4.5% |
| **Personal Saving-MF** | - | 3.5% | Quarterly | Agriculture Loan - Term | Upto 4% |
| Micro Finance Saving | 5,000.00 | 3.5% | Quarterly | Industry Loan - OD | Upto 4.5% |
| Providend Fund Account | - | 3.5% | Quarterly | Industry Loan - Term | Upto 4% |
| Recurring Account | 100.00 | 3.5% | Quarterly | Energy Loan - OD | Upto 4.5% |
| Premium Bachat | 5,000.00 | 5.0% | Quarterly | Energy Loan - Term | Upto 4% |
| Samajik Surakchya Bachat | - | 3.5% | Quarterly | Tourism Loan - OD | Upto 4.5% |
| Jeevan Surakchya - Saral | 5,000.00 | 5.0% | Monthly | Tourism Loan - Term | Upto 4% |
| Jeevan Surakchya - Rajat | 15,000.00 | 5.0% | Monthly | Real Estate Loan - OD | Upto 5.5% |
| Jeevan Surakchya - Swornim | 25,000.00 | 5.0% | Monthly | Real Estate Loan - Term | Upto 5% |
| *FIXED DEPOSIT* | | | | *DEPRIVED SECTOR LOAN* | |
| Period | Interest Rate (Monthly/Quarterly/ Maturity) | | | Deprived - General | Upto 7.5% |
| | | | | Seasonal Loan | Upto 7.5% |
| | | | | Micro Enterprise | Upto 6.5% |
| 3 Month | 7.00% | Individual | | Low - Cost Housing | Upto 5.5% |
| Above 3 month and Less than 1 Year | 7.50% | | | Deprived Loan- Other | Upto 5.5% |
| 1 Year and Above | 8.00% | | | Micro Hydro | Upto 4% |
| 3 Month | 7.00% | Institutional | | Wholesale Lending | Upto 3.5% |
| Above 3 month and Less than 1 Year | 7.50% | | | *FIXED RATE FOR PERSONAL TERM LOAN* | |
| 1 Year and Above | 8.00% | | | Upto 7 Years | Upto 13.5% |

**Deprived Sector Loans:** In case of deprived sector loans to Senior Citizens, Dalit, Mukta Kamaiya, Baadi, Haliya, War Victim, Single Women and differently abled people, Interest rate below 1% than the published rate shall be applicable.

As of Mangsir End, 2077 — Base Rate: 8.87 %

**Note :** Interest Rate of Loans and Advances shall be Base Rate Plus Premium Rate

www.shangrilabank.com


भन्दै के-कति कारणले सूचना उपलब्ध गराउन ढिला भएको हो, तीन दिनभित्र स्पष्टीकरण बुझाउन भनेको छ।

नेप्सेले धितोपत्र सूचीकरण विनियमावलीमा भएको व्यवस्थाबमोजिम सूचना उपलब्ध नगराएको भन्दै कारोबार रोक्का गरेको जानकारी दिएको छ। यस कम्पनीले सार्वजनिक गरेको हो।

हाल कम्पनीको चुक्ता पुंजी रु. २३ करोड ३९ लाख ३३ हजार ७०० रहेको छ। सोही पुंजीको आधारमा कम्पनीले रु. ८१ लाख ८७ हजार ६७९ बराबरको बोनस शेयर र रु. ४ लाख ३० हजार ९३० बराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो।

## सिद्धार्थ बैंकको शेयर मूल्य समायोजन

काठमाडौं (अस)। सिद्धार्थ बैंक लिमिटेडको शेयर मूल्य समायोजन भएको छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) ले बैंकले प्रस्ताव गरेको १२ प्रतिशत बोनस शेयर प्रयोजनका लागि मूल्य समायोजन गरेको हो।

नेप्सेले बैंकको बोनस शेयरपछिको मूल्य प्रतिकित्ता रु. ४२१ तोकेको छ। बैंकको सोमबार कायम अन्तिम मूल्य रु. ४७२ को आधारमा मूल्य समायोजन गरेको नेप्सेले जानकारी दिएको छ।

सिद्धार्थ बैंकले यस वर्ष १२ प्रतिशत बोनससँगै कर प्रयोजनसमेत ३ प्रतिशत नगदसहित कुल १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ।

प्रस्तावित लाभांश पारित गर्न बैंकले माघ १६ गते साधारणसभा बोलाएको छ। उक्त सभा प्रयोजनका लागि पुस २८ गते एक दिन बुक क्लोज गरेकाले नेप्सेले बोनसपछिको मूल्य तोकेको हो।

मूल्य समायोजनपछि बैंकको शेयर खरिद गर्नेले लाभांश पाउने छैनन्। पुस २७ गतेसम्म कायम शेयरधनीहरू मात्र लाभांशका लागि योग्य भएका हुन्।

हाल बैंकको चुक्ता पुंजी रु. ९ अर्ब ७८ करोड ७७ लाख ६७ हजार रहेको छ। सोही पुंजीको आधारमा बैंकले लाभांश वितरण गर्न लागेको हो।

## नारायणी डेभलपमेन्ट बैंकको शतप्रतिशत हकप्रद शेयर आवेदन अवधि सकियो

काठमाडौं (अस)। नारायणी डेभलपमेन्ट बैंकले माघ १३ गतेदेखि निष्कासन गर्ने शतप्रतिशत हकप्रद शेयर पुस २८ गतेसम्म कायम शेयरधनीहरूले मात्र भर्न पाउनेछन्। कम्पनीले हकप्रद शेयर प्रयोजनका लागि पुस २९ गते बुक क्लोज गर्ने भएकाले पुस २८ गतेसम्म कायम शेयरधनीहरूले मात्र उक्त हकप्रद शेयर भर्न पाउने भएका हुन्।

कम्पनीले १ बराबर १ को अनुपातमा रु. १०० अंकित दरको ६ लाख ५६ हजार १६९ कित्ता हकप्रद शेयर बिक्री खुला गर्ने भएको हो। यस हकप्रद शेयरमा फागुन ३ गतेसम्म आवेदन दिन सकिनेछ।

हाल कम्पनीको चुक्ता पुंजी रु. ६ करोड ५६ लाख १६ हजार ९०० रहेको छ भने हकप्रदपछि यो पुंजी रु. १३ करोड १२ लाख ३३ हजार ८०० पुग्नेछ।

कम्पनीको हकप्रद शेयर बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेड रहेको छ।

यस कम्पनीले शतप्रतिशत हकप्रद शेयरपछि पुनः २०० प्रतिशत हकप्रद शेयर बिक्री गर्ने तयारी गरेको छ। शतप्रतिशत हकप्रदपछि २०० प्रतिशत हकप्रद शेयर बिक्री गर्ने प्रस्तावसहित कम्पनीले माघ १६ गते १९ औं वार्षिक साधारणसभा आह्वान गरेको छ।

हाल कम्पनीको चुक्ता पुंजी रु. ६ करोड ५६ लाख १६ हजार रहेको छ। सोही पुंजी बराबरको शतप्रतिशत हकप्रदपछि कम्पनीको पुंजी रु. १३ करोड १२ लाख ३३ हजार पुग्नेछ।

सो पुंजीको आधारमा २०० प्रतिशत हकप्रद शेयर बिक्री गरी रु. ३९ करोड ३७ लाख १ हजार चुक्ता पुंजी पुऱ्याउने योजना कम्पनीको छ।